आज मिति २०७५ साल असाढ २३ गतेका दिन स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ४ को दफा १९ मा भएको ब्यबस्था बमोजिम धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा धनगढी उप-महानगरपालिकाको तेश्रो नगरसभा बैठक (दासो) देहायका नगरसभाका सदस्यहरुको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरुका साथ सम्पन्न गरियो।

| क्र.स. | नाम | पद | मिति २०७५/०३/२३ (हस्ताक्षर) |
|---|---|---|---|
| १ | नृप बहादुर वड | नगरसभा अध्यक्ष | |
| २ | सुशीला मिश्र भट्ट | नगरसभा उपाध्यक्ष | |
| ३ | सन्तोष मुडभरी | नगरसभा सदस्य | |
| ४ | कल्याणी सिंह | नगरसभा सदस्य | |
| ५ | विमला कुमारि देवल | नगरसभा सदस्य | |
| ६ | सुवास चन्द | नगरसभा सदस्य | |
| ७ | धर्म राज उपाध्याय | नगरसभा सदस्य | |
| ८ | नर बहादुर बम | नगरसभा सदस्य | |
| ९ | रत्नाकुमारी बोगटी (बिष्ट) | नगरसभा सदस्य | |
| १० | मिना रैका आउजी | नगरसभा सदस्य | |
| ११ | मान बहादुर चौधरी | नगरसभा सदस्य | |
| १२ | मान बहादुर सिंह | नगरसभा सदस्य | |
| १३ | बल बहादुर ऐर | नगरसभा सदस्य | |
| १४ | प्रेम सिंह विश्वकर्मा | नगरसभा सदस्य | |
| १५ | पार्वती देवी सिंह | नगरसभा सदस्य | |
| १६ | राधा वि.क. | नगरसभा सदस्य | |
| १७ | नारायण प्रसाद पाण्डे | नगरसभा सदस्य | |
| १८ | ओम विक्रम चन्द | नगरसभा सदस्य | |
| १९ | दिपक कुमार थापा क्षेत्री | नगरसभा सदस्य | |
| २० | माया कुमारी भण्डारी (साउद) | नगरसभा सदस्य | |
| २१ | गंगा देवी वि.क. | नगरसभा सदस्य | |
| २२ | छत्र बहादुर वडैला | नगरसभा सदस्य | |
| २३ | यज्ञ राज जोशी | नगरसभा सदस्य | |
| २४ | हिरा सिंह पातली | नगरसभा सदस्य | |
| २५ | यशोधा भण्डारी | नगरसभा सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| २६ | माया देवी विश्वकर्मा | नगरसभा सदस्य | |
| २७ | भुमी राज जोशी | नगरसभा सदस्य | |
| २८ | बावलु कुमार चौधरी | नगरसभा सदस्य | |
| २९ | भागी राम चौधरी | नगरसभा सदस्य | |
| ३० | भावना चौधरी | नगरसभा सदस्य | |
| ३१ | धर्मा देवी सार्की | नगरसभा सदस्य | |
| ३२ | महेन्द्र बहादुर थापामगर | नगरसभा सदस्य | |
| ३३ | खुसी राम चौधरी | नगरसभा सदस्य | |
| ३४ | सिता राम राना | नगरसभा सदस्य | |
| ३५ | यमुना कुमारी भट्ट (जोशी) | नगरसभा सदस्य | |
| ३६ | पुजा वि.क. | नगरसभा सदस्य | |
| ३७ | अर्जुन चौधरी | नगरसभा सदस्य | |
| ३८ | बासु राना थारू | नगरसभा सदस्य | |
| ३९ | नारायण प्रसाद बराल | नगरसभा सदस्य | |
| ४० | बसन्त कुमार ठाकुर | नगरसभा सदस्य | |
| ४१ | तारा कुमारी चौधरी | नगरसभा सदस्य | |
| ४२ | पार्वती देवी वि.क. | नगरसभा सदस्य | |
| ४३ | राम स्वरुप राना थारू | नगरसभा सदस्य | |
| ४४ | प्रदिप के.सी. ( खत्री) | नगरसभा सदस्य | |
| ४५ | प्रेम बहादुर भण्डारी | नगरसभा सदस्य | |
| ४६ | धौली कडायत | नगरसभा सदस्य | |
| ४७ | शारदा कुमारी ताम्राकार | नगरसभा सदस्य | |
| ४८ | लाहानु चौधरी | नगरसभा सदस्य | |
| ४९ | दिनेश चौधरी | नगरसभा सदस्य | |
| ५० | राजेन्द्र राना | नगरसभा सदस्य | |
| ५१ | गीता पन्त | नगरसभा सदस्य | |
| ५२ | लक्ष्मी देवी राना | नगरसभा सदस्य | |
| ५३ | अम्मर सिंह राना | नगरसभा सदस्य | |
| ५४ | गगा राम राना | नगरसभा सदस्य | |
| ५५ | खगेश्वरी देवी जोशी | नगरसभा सदस्य | |
| ५६ | चित्रा चौधरी | नगरसभा सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ५७ | उत्तम राज जोशी | नगरसभा सदस्य | |
| ५८ | वंशी राना थारू | नगरसभा सदस्य | |
| ५९ | गणेश प्रसाद जोशी | नगरसभा सदस्य | |
| ६० | रिशनी देवी चौधरी | नगरसभा सदस्य | |
| ६१ | रिता सुनार | नगरसभा सदस्य | |
| ६२ | केशर बहादुर विष्ट | नगरसभा सदस्य | |
| ६३ | विर्ख बहादुर सिंह | नगरसभा सदस्य | |
| ६४ | विजय राज जोशी | नगरसभा सदस्य | |
| ६५ | सिता देवी राना | नगरसभा सदस्य | |
| ६६ | निसा कुमारी अउजी | नगरसभा सदस्य | |
| ६७ | लाल बहादुर चौधरी | नगरसभा सदस्य | |
| ६८ | हिरालाल राना थारू | नगरसभा सदस्य | |
| ६९ | राम बजारी थारू | नगरसभा सदस्य | |
| ७० | प्रेम बहादुर वि.क. | नगरसभा सदस्य | |
| ७१ | खगिमाया देवी विश्वकर्मा | नगरसभा सदस्य | |
| ७२ | डम्मर बहादुर थापा | नगरसभा सदस्य | |
| ७३ | राम बहादुर नेपाली | नगरसभा सदस्य | |
| ७४ | फुलराम चौधरी | नगरसभा सदस्य | |
| ७५ | कल्पना कुमारी महरा | नगरसभा सदस्य | |
| ७६ | सिता देवी सार्की | नगरसभा सदस्य | |
| ७७ | कालू राम चौधरी | नगरसभा सदस्य | |
| ७८ | प्रेम राना | नगरसभा सदस्य | |
| ८९ | लक्ष्मी नारायण चौधरी | नगरसभा सदस्य | |
| ८० | मिना देवी चौधरी | नगरसभा सदस्य | |
| ८१ | मैसरी देवी सार्की | नगरसभा सदस्य | |
| ८२ | हरीनारायण राना थारु | नगरसभा सदस्य | |
| ८३ | कमल राज चौधरी | नगरसभा सदस्य | |
| ८४ | माधव राज राना | नगरसभा सदस्य | |
| ८५ | सिमा देवी चौधरी | नगरसभा सदस्य | |
| ८६ | सिलसरी देवी वि.क. | नगरसभा सदस्य | |
| ८७ | वम बहादुर बोहरा | नगरसभा सदस्य | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ८८ | राम बहादुर चौधरी | नगरसभा सदस्य | |
| ८९ | मुरारी अधिकारी | नगरसभा सदस्य | |
| ९० | सिता चौधरी | नगरसभा सदस्य | |
| ९१ | दुर्गा सार्की | नगरसभा सदस्य | |
| ९२ | गणेश वि.क. | नगरसभा सदस्य | |
| ९३ | देव बहादुर वि.क. | नगरसभा सदस्य | |
| ९४ | तिलु राम चौधरी थारु | नगरसभा सदस्य | |
| ९५ | विना देवी चौधरी | नगरसभा सदस्य | |
| ९६ | सपना वि.क. | नगरसभा सदस्य | |
| ९७ | रुप लाल चौधरी | नगरसभा सदस्य | |
| ९८ | सुर्य बहादुर रानाभाट | नगरसभा सदस्य | |
| ९९ | सन्त बहादुर सुनार | सचिब नगरसभा | |

Scanned by CamScanner

## तेस्रो नगरसभाका निर्णयहरु

निर्णय नं. १:

नगरसभा सञ्चालन कार्यविधि २०७४ बमोजिम धनगढी उप-महानगरपालिकाका उप प्रमुखले तेस्रो नगरसभामा पेश गर्नु भएको आगामी आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सहित तपसिलका विवरणहरू समावेश भएको बिनियोजन विधेयकलाई नगरसभा सञ्चालन कार्यविधि २०७४को दफा १६(२) बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

(त्यसको विस्तृत विवरणहरू रहेको अनुसूचिलाई यसै निर्णय पुस्तिकामा टाँस गरिएकोछ ।

(क) गत आर्थिक वर्ष २०७४/०७५ को यथार्थ आय-व्ययको विवरणहरू ।

(ख) आगामी आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्य मार्फत प्रस्तुत नीति बजेट तथा कार्यक्रमहरू

(ग) आगामी आर्थिक वर्ष २०७५/०७६ को लागि १ अर्ब ७९ करोड ३४ लाखको वार्षिक आय-व्यय अनुमानका विवरणहरू ।(अनुसुची- १)

(घ) आगामी आर्थिक वर्ष २०७५/०७६ को वार्षिक योजना तथा कार्यक्रमहरू सहितको नगर विकास योजना । (अनुसुची- २)

निर्णय नं. २:

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ बमोजिम गठित राजश्व परामर्श समितिको विभिन्न मितिहरूमा बसेका बैठकबाट प्राप्त परामर्श, सुझावहरू तथा सिफारिशका आधारमा र विधेयक समिति तथा नगर कार्यपालिकाबाट आगामी आर्थिक बर्ष ०७५/०७६ का लागि सिफारिश भएका कर, दस्तुर, शुल्कका दरहरू, करछुट सम्बन्धी प्रस्ताव समावेश भएको आर्थिक विधेयक २०७५ तथा विनियोजित विधेयक २०७५ समेत पेश भए बमोजिम पारित गर्ने निर्णय गरियो ।

(अनुसुची ३) (अनुसुची ४)

निर्णय नं. ३:

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलको च.न. ५८१९ मिति २०७४।१२।१९ को पत्रानुसार उप महानगरपालिका कार्यालयका लागि बनाएको अन्तरिम दरबन्दि तेरिज र संगठन स्वरूपलाई सुशासन समितिले आवश्यक छलफल गरि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको अन्तरिम संगठन स्वरूप, तथा दरबन्दि तेरीजलाई नै स्वीकृतका लागि सिफारिश गरेकोले उक्त संगठन स्वरूप, तथा दरबन्दि तेरीजलाई यस कार्यालयको आवश्यकताको आधारमा थप संसोधन गरि स्वीकृत गर्ने अख्तियार नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं. ४:

स्वीकृत दरवन्दी अनुसारका कर्मचारीहरूलाई नेपाल सरकारले निर्धारित गरे अनुसारको तलब भत्ता तथा साविक बमोजिमको स्थानीय भत्ताको आधार बमोजिम तयार पारिएको चालु आ.व. २०७५/०७६को संलग्न वार्षिक तलबी प्रतिवेदनलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ५:

कार्यालयको स्वीकृत दरबन्दी अन्तरगतका रिक्त रहेका पदहरूमा कार्यालयको आवश्यकताको आधारमा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम योजना सम्बन्धी प्राविधिक कार्य, स्वास्थ्य, विद्युत, खानेपानी, सरसफाई ,फोहरमैला व्यवस्थापन, कार्यालय सुरक्षा, हेरचाह र उपकरणहरूको परिचालन आदि जस्ता कार्यहरूका लागि सेवा करार बाट आवश्यक कर्मचारीहरूको व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ६:

कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरू र शहरी स्वास्थ्य सेवा केन्द्र, फोहरमैला व्यवस्थापन लगायत यस कार्यालयमा विभिन्न मिति देखि हालसम्म अविच्छिन्न रूपमा सेवा करारमा कार्यरत सबै कर्मचारीहरूको म्याद अर्को व्यवस्था नभए सम्मको लागि २०७६ साल आषाढ मसान्त सम्म थप गर्ने र निजहरूलाई हाल सम्म भुक्तानी गरिएको तलब भत्ताको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ७:

कार्यालयबाट भएको वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत सम्भार गर्नुपर्ने सामानहरूको उचित समयमा मर्मत सम्भार गर्ने र लिलाम बिक्री गर्नुपर्नेको हकमा लिलाम बिक्री गर्ने कार्यलाई निरन्तरता प्रदान गर्ने साथै प्रचलित कानून बमोजिम सरकारी कागजात धुल्याउने सम्बन्धी काम कारवाही अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ८:

कार्यालयद्वारा गत आ.व. २०७४/०७५ मा सञ्चालन गरी सोही आ.व. भित्र सम्पन्न भई जाँचपास तथा फरफारक समितिबाट सिफारिस भै आएका योजनाहरूको विवरणलाई अनुमोदन गर्ने निर्णय गरियो । (अनुसुची ५)

निर्णय नं. ९:

गत आ.व. ०७४/०७५ मा सम्पन्न भएका सार्वजनिक सुनुवाई कार्यक्रमका प्रतिवेदनहरू पेश भै छलफल हुँदा उक्त प्रतिवेदनहरूले दिएका सुझवाहरूलाई आत्मसात गरी आगामी दिनहरूमा उक्त सुझावहरू कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०:

अभियन्त्र कन्सलटेन्सि नयाँ बानेश्वर प्रा.लि. काठमाडौंले तयार गरेको भवन निर्माण तथा योजना मापदण्ड २०७४ लाई स्वीकृत गरि साउन १ लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

अभियन्त्र कन्सलटेन्सि नयाँ बानेश्वर प्रा.लि. काठमाडौंले तयार गरेको नगर यातायात गुरु योजना (MTMP) २०७४ लाई स्वीकृत गरि साउन १ लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

नगर प्रहरीको व्यवस्थापनका लागि नगर प्रहरी कार्यविधि बनाई कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं. १३

आ.व. २०७५।०७६ देखि धनगढी उप महानगरपालिकाले मंगलादेवी फुटबल मेयर कप संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

७ नं. प्रदेश नेपालको राजधानीका रुपमा रहेको धनगढी उप महानगरपालिकामा उच्च शिक्षा हासिल गर्न आउनुहुने छात्राहरुका लागि आवास सुविधाका लागि छात्रावासको निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

धनगढी उप महानगरपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा कार्यरत निजी शिक्षकहरुलाई तह अनुसार निजहरुले खाईपाई आएको तलबमा प्रा.वि. रु. ३०००।, नि.मा.वि. रु. ४०००। र मा.वि रु. ५०००। थप पारिश्रमि उपलब्ध गराउने तथा थप गर्दा निज शिक्षकहरुको शुरु तलब भन्दा बढि नहुने गरि उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १६

प्रदेश सभाले स्थानीयतहका पदाधिकारीहरु तथा सदस्यहरुको सुविधा सम्वन्धि ऐन २०७५ पारित गरे वमोजिमको सेवा सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. १७

यस धनगढी उप महानगरपालिकामा कार्यरत स्वयं सेविकाहरुलाई सञ्चार सुविधा वापत मासिक रु. ५०० र कार्यक्रम सञ्चालन वापत सञ्चालित कार्यक्रम बाट दैनिक रु. ६०० का दरले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १८

यस धनगढी उप महानगरपालिकामा विगतमा सञ्चालित LGCDP कार्यक्रम अर्न्तगत कार्यरत समाजिक परिचालकहरुलाई निरन्तरता दिदै थप अन्य वडाहरुमा समेत समाजिक परिचालनको कार्यलाई लागु गर्ने र समाजिक परिचालकलाई मासिक जीवन निर्वाह भत्ता रु १५,०००। का दरले उपलब्ध गराउनुका साथै थप मासिक रु ३,०००। रकम समेत गरि जम्मा रु १८,०००। रकम मासिक रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १९

धनगढी उप महानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा कार्यरत स्थानीय तहका कर्मचारीहरुले शुरु तलब स्केलको १५ प्रतिशत प्रोत्साहन भत्ता रकम खाई पाई आएकोमा हाल यस कार्यालयमा विभिन्न विषयगत शाखा र वडा कार्यालयमा काजमा खटि यस कार्यालयमा हाजिर लगाएको मिति देखि कार्यरत निजामति कर्मचारीहरु ,स्वास्थ्य सेवा र अन्य सेवाका काजमा कार्यरत कर्मचारीहरुलाई पनि स्थानीय तहमा कार्यरत कर्मचारीहरुले पाएको सेवा, सुविधा (शुरु तलब स्केलको १५ प्रतिशत प्रोत्साहन भत्ता रकम) सरहको सेवा सुविधा उपलब्ध गराई सेवा सुविधामा एक रुपता हुने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. २०:

विभिन्न मितिमा विभिन्न प्रयोजनको लागि गठन हुने समितिले पेश गरेका प्रतिवेदनहरूको कार्यान्वयनको प्रक्रियामा लैजाने र त्यस्ता प्रतिवेदनलाई अनुमोदन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २१:

नगरसभा, नगर कार्यपालिका तथा कार्यालयलाई विपक्षी बनाई विभिन्न अदालतहरूमा पेश हुने रिट निवेदनका सम्बन्धमा उक्त अदालतबाट लिखित जवाफ माग भै आएमा लिखित जवाफ पेश गर्ने लगायत उक्त रिट निवेदनमा सम्पूर्ण कार्य गर्ने अख्तियारी उपमहानगरपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २२:

राष्ट्रिय भवन संहित, २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ र भवन संहिता विना वनेका घरहरू मध्ये कुनै घरधनीले आफ्नो घर भूकम्पबाट जोगाउन सवलीकरण (Retrofitting) गर्न चाहेमा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिई प्रोत्साहन गर्ने तथा शैक्षिक एवं सामाजिक संघसंस्थाहरूको भवन निर्माणलाई अनुदान सहयोग गर्दा राष्ट्रिय भवन संहिता, २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ अनुसार गर्ने अनुदान दिने निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. २३:

उप महानगरपालिका क्षेत्र भित्र व्यवसाय गरी बसेका,घर बहालमा लिई बसेका तर करका दायरामा आवद्ध नभएका सबै करदाताहरूलाई करको दायरा भित्र ल्याउन करदाता सचेतना र करदाता शिक्षा सम्बन्धी कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन गर्ने र कर संकलनका लागि घरदैलोमा टोली परिचालन



Scanned by CamScanner

गर्ने कार्यका साथै नियमित तथा समयमै कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. २४:

यस धनगढी उप महानगरपालिकाका कर्मचारीहरूले नगरसभाको तयारीमा कार्यालय समय बाहेक विहान बेलुका तथा सार्वजनिक बिदाका दिनमा समेत खटिई काम गरेको हुँदा निजहरूले खाईपाई आएको तलबको (शुरू तलब स्केल) आधारमा मिति २०७५/३/१० देखी ऐ २५ गते सम्म जम्मा १५ दिनको रकम उक्त कार्यमा खटिने कर्मचारीहरूलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २५ :

उप महानगरपालिकाको प्रथम नगर सभाले आ.व. २०७४/०७५ मा कार्यान्वयन गर्ने गरी पारित गरेका सम्पूर्ण योजनाहरूलाई चालु आ.व.मा सम्पन्न हुन नसकेमा ति योजनाहरूलाई क्रमागत रूपमा संचालन गर्नको लागि आगामी आर्थिक वर्ष आ.व.२०७५।०७६ मा समेत बजेट विनियोजन गरि क्रमागत रूपमा कार्यान्वयन गर्ने निर्णय गरियो ।साथै सो योजनाहरूको सम्बन्धित उपभोक्त समिति र निर्माण व्यवसायीहरू संग सम्झौताको म्याद मंसिर मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. २६:

यस नगरसभाले पारित गरेका आर्थिक ऐन, बिनियोजन ऐन, विभिन्न दफामा गरेका निर्णयहरू तथा नगर सभामा पेश भई पारित भएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा कुनै कार्यविधि बनाउन आवश्यक भएमा त्यस्ता कार्यविधि बनाई लागु गर्न नगर कार्यपालिका स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. २७:

नगरपालिकाले असुल उपर गर्नु पर्ने मनोरञ्जन कर लामो समय देखी असुल उपर हुन नसकी बक्यौता रहन गएको हुंदा निजले पेश गरेको टिकट विक्री वितरण कर कार्यालयमा पेश गरेको विविरणका आधारमा बक्यौता करलाई यथाशिघ्र असुल उपर गर्ने र आगामी दिनमा मनोरन्जन करलाई व्यवस्थित गरी समयमा सहज ढंगले असुल उपर गर्ने व्यवस्थाका लागि सम्बन्धित करदाता संग छलफल गरी प्रक्रिया अगाडी बढाउन सम्बन्धित समितिलाई निर्देशन दिने निर्णग गरियो ।

निर्णय नं. २८:

गैरसरकारी संस्थाहरूबाट यस धनगढी उप-महानगरपालिका क्षेत्र भित्र कार्यान्वयन गर्ने गरी पेश भएका कार्यक्रमहरू लाई पारित गर्ने निर्णय गरियो । उप-महानगरपालिका क्षेत्र भित्र कार्यक्रम कार्यान्वयन गर्ने छुट भएका अन्य संघ संस्थाहरूका कार्यक्रमहरू पेश भए पछि पारित गरी कार्यान्वयनमा लैजाने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२९

जिल्ला समन्वय समितिवाट यस कार्यालयमा काजमा खटि आएका करारमा कार्यरत सामाजिक पचिालक हिमालय उपाध्यायको करार सेवाको म्याद २०७५ असार मसान्तमा समाप्त भएकोले अर्को व्यवस्था नहुन्जेल हाललाई २०७६ असार मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.३०

धनगढी उप महानगरपालिका अन्तरगत वार्ड नं.७ मा रहेको जाखोर ताल क्षेत्रलाई पर्यटकिय क्षेत्रको रूपमा विकास गर्नका लागि गरूयोजना अनुसार कार्यक्रम तयार गरी संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा योजना माग गर्ने निर्णय गरियो ।

निर्णय नं.३१

यस धनगढी उप महानगरपालिकाद्धारा यस आ.व. २०७५।०७६मा संचालन हुने भौतिक पूर्वाधार सम्बन्धि योजनाहरूको अनुगमन गर्ने प्रणालीलाई थप व्यवस्थित गर्न पूर्वाधार व्यवस्थापन प्रणाली (IMS )लागु गर्ने निर्णय गरियो ।

निर्णय नं.३२

ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७४को दफा ८ (घ) धनगढी हुनु पर्ने र सहकारी ऐ २०७४ दफा ४ धनगढी हुनु पर्नेमा अन्यथा भएकोले संशोधन गर्ने निर्णय गरियो ।



Scanned by CamScanner

निर्णय नं.३३

धनगढी उप महानगरपालिकाको कर सेवा शुल्कलाई ब्यवस्थित बनाउनका लागि ई सेवा संचालन तथा ब्यवस्थापनका लागि कार्यविधि बनाई कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ३४:

यस उपमहानगरपालिको दमकल ईकाईमा कार्यरत कर्मचारीहरूलाई विगत वर्ष देखि मासिक रूपमा राशन भत्ता स्वरूप रू ३०००। उपलब्ध गराउदै आएकोमा निज कर्मचारीहरूले बजार भाउ अनुसार उक्त रकम ज्यादै न्यून रहेकोले वृद्धि गरि पाउन अनुरोध गरेको र हालको वजार भाउ समेतलाई विचार गर्दा निजहरूलाई हाल उपलब्ध गराउदै आएको राशन भत्ता न्यून नै रहेको देखिएकोले मासिक रू १०००। थप गरी आगामी आ.व. २०७५।०७६ देखि मासिक राशन भत्ता रू ४०००। प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५:

यस धनगढी उप महानगरपालिका कार्यालयमा कार्यरत अधिकृत स्तरका तथा सहायक स्तरका कर्मचारीहरूको उप महानगरपालिका क्षेत्र भित्र स्थायी घर ठेगाना नभई र आफ्नो र आफ्नो परिवारका नाममा घर नभई घर भाडामा लिई बस्नु पर्ने अवस्थामा मात्र निजहरूलाई आवास सुविधा स्वरूप क्रमश:मासिक रू ९०००। (नौ हजार)र ५०००। (पाच हजार)का दरले आवास सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३६

यस धनगढी उप महानगरपालिकाको योजनामा कार्यरत प्राविधिक कर्मचारिहरूलाई कार्यालय समय बाहेक पनि फिल्डमा काम गरे बापत फिल्डभत्ता स्वरूप शुरू तलब स्केलको ३०। प्रतिशत रकम मासिक रूपमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.३७

यस नगरसभावाट कुनै निर्णय हुन छुट भएको रहेछ भने उपमहानगरपालिकाको संस्थागत एवम् नगरको वृहत हितमा कुनै कार्य गर्न परेमा निर्णय गरी कार्यान्वयन गर्न सक्ने गरी नगरकार्यपालिकालाई पछि अर्को नगरसभावाट अनुमोदन हुने गरी निर्णय गर्ने अधिकार दिने निर्णय गरियो ।

निर्णय नं.३८

यस उपमहानगरपालिका कार्यालयमा ,वडा कार्यालयमा र शहरी स्वास्थ्य केन्द्रहरूमा हालसम्म निरन्तररूपमा सेवाकरार, दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरूको कार्यसम्पादनस्तरको मूल्याङ्कन गरि र कार्यालयलाई निजहरूको सेवाको आवश्यकता समेत हेरी नगरकार्यपालिकाको कार्यालयले आवश्यकताको आधारमा कर्मचारीहरूलाई कामकाजमा लगाउने र कर्मचारीको व्यवस्थापन गर्ने कार्यको जिम्मेबारी कार्यालयलाई दिने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं. ३९:

यस धनगढी उप महानगरपालिकाको वडा कार्यालयको प्रशासनिक कार्य व्यवस्थापनलाई चुस्त दुरस्त एवं मितव्ययिता अपनाई सुशासन कायम गर्नुका साथै प्रशासनिक कार्यलाई थप प्रभावकारिता बनाउने उदेश्यका साथै प्रशासनिक खर्चको उचित व्यवस्थापन नगरकार्यपालिकाको खरिद व्यवस्थापनको कार्य बोझलाई सहज तथा चुस्त बनाउनका लागि आ.व. २०७५।०७६ देखि तथा वडा कार्यालयलाई वार्षिक रूपमा रू २,००,०००। (दुई लाख मात्र) प्रशासनिक खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ४०:

यस धनगढी उप महानगरपालिकाको वडा कार्यालयबाट सम्पन्न हुने पांच लाख भन्दा कम लागतका योजनाहरूको सम्झौता, जांचपास र फरफारक गर्ने सम्बन्धित कार्य वडा कार्यालयबाट हुने व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णय नं. ४१:

यस धनगढी उप महानगरपालिका कार्यालयमा कार्यरत सरसफाई कार्यमा खटिने कर्मचारीहरूलाई सार्वजनिक विदाको दिनमा कामकाज गरेमा रू ५००। पांच सय र श्रेणी विहिन सरसफाई कर्मीलाई दैनिक खाजा खर्च बापत दैनिक रू ३००। तिन सय रूपैया उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.४२.

आ.व २०७५र७६ मा तपसिल बमोजिमका योजनाहरूको सर्भे डिजाईन गरि (DPR) तयार गर्ने निर्णय गरियो ।

| | DPR तयार गर्नुपर्ने योजना | वडा नं |
|---|---|---|
| १ | Honda Showroom देखि शिवधाम सडकसम्म कालोपत्रे | ४ |
| २ | Nast College पूर्व कैलाली नालामा पक्कीपूल | ४,५ |
| ३ | सोरिया नाला पूल निर्माण (डमौलिया) | १७ |
| ४ | सरौटा पूल | १७ |
| ५ | कनरी देखि उर्मा सडक कालोपत्रे | १५ |
| ६ | बेहडाबाबा देखि डमौलिया जैविक मार्ग | १७ |
| ७ | तारानगर नमूना टोल देखि खुटिया मार्ग | ५ |
| ८ | पुरानो गोवर ग्यास सडकमा नाली र कालोपत्रे | ५ |
| ९ | शिवनगर देखि खानेपानी उत्तर जाने सडक कालोपत्रे | ५ |
| १० | बेला बोरिंग दक्षिण बुझिया सामुदायिक पार्क | ११ |
| ११ | थापाको घर देखि पूर्व सुकुटी नालामा पूल | ११ |
| १२ | जोखैया नालामा पूल निर्माण | ११ |
| १३ | हुलाकी रोड देखि जंगल किनारा हुदै वेली सडक कालोपत्रे | ७ |
| १४ | दोधरा देखि विजुलिया जाने ठूली बांध खोलामा पूल निर्माण | ६ |
| १५ | ठूली वांध खोला विजुलिया जोखैयामा पूल निर्माण | ६ |



Scanned by CamScanner

| | | |
|---|---|---|
| | शारदा मा.बि.को जग्गामा Sport Village बनाउने | |
| १६ | सुखई धुरही नालामा पूल निर्माण | १६ |
| १७ | वडा नं ८ तौलहा तालालाई संरक्षण गरि वाटर पार्क को रुपमा बिकाश गर्ने | ८ |
| १८ | वडा नं १ मा रहेको हाट बजारलाई ब्यबस्थित गर्न सर्वे डिजायन गरि DPR तयार गर्ने | १ |
| १९ | धनगढी उप महानगरपालिका कार्यालय परिसरको Land Scape Design गरि DPR तयार गर्ने | १ |

निर्णय नं. ४३

उप-महानगरपालिकाको तेस्रो नगरसभामा संघीय सरकार तथा माननीय सांसद ज्यूहरू, प्रदेश सरकारका माननीय मुख्यमन्त्री श्री त्रिलोचन भट्ट तथा माननिय प्रदेश सभा सदस्य श्री डिल्लीराज पन्तज्यू, माननिय प्रदेश सभा सदस्य माननिय प्रदेश सभा सदस्य श्री सुशिला बुढाथोकी ज्यू माननिय प्रदेश सभा सदस्य श्री टेक बहादुर रैकाज्यू माननिय प्रदेश सभा सदस्य श्री दिव्यश्वरी शाहज्यू सम्पूर्ण राजनैतिक दलका प्रतिनिधीज्यू बाट प्राप्त सुझाव तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सुझाव दिनु हुने नगरपालिकाका कर्मचारीसाथीहरू विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरु, करदाता, उद्यमी, ब्यापारी, समाजसेवी, ज्येष्ठ नागरिक, पत्रकार महोदय, सम्पूर्ण गैर सरकारी संस्थाहरू एवं सम्पूर्ण महिला तथा सज्जन वृन्दहरू लाई धन्यवादका साथै यस उप महानगरपालिका कार्यालयका सम्पूर्ण कर्मचारीहरू प्रति धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

तेस्रो नगर सभा आज २०७५/०३/२५गते अन्त्य गरियो ।

Scanned by CamScanner